"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार "

# वार्षिक नीति तथा कार्यक्रम, २०७९।२०८०

जगन्नाथ गाउँपालिकाको एघारौ ऐतिहासिक गाउँसभामा उपस्थित गाउँपालिकाका उपाध्यक्ष,वडा अध्यक्ष,कार्यपालिका सदस्य र उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य, पत्रकार सुरक्षाकर्मी र कर्मचारीहरु ज्यू

- जगन्नाथ गाउँपालिकाको यस गरिमामय एघारौ गाउँसभामा गाउँपालिका अध्यक्षको हैसियतले विकासको लागि मार्ग दर्शकको रुपमा रहने स्थानिय सरकारको आर्थिक वर्ष ०७९।०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएकोछु ।
- स्थानीय तह सदस्य निर्वाचन २०७९,बाट नवनिर्वाचित पदाधिकारीलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।विगतमा झैं प्रदेश सरकार र संघिय सरकार संग समन्वय सहकार्य र सहअस्तित्वको माध्यम बाट समग्र जगन्नाथ गाउँपालिकाको विकासमा दत्तचित्त भएर लाग्ने विश्वास दिलाउन चाहन्छु ।
- मिति २०७८ असोज ३१ गते देखि कार्तिक ५ गते सम्म आएको अविरल बर्षातका कारण गाउँपालिका भित्र भएको भौतिक,आर्थिक र अन्न बालीमा पुर्याएको क्षति प्रति गाउँपालिका दुखित भएकोछ। मिति २०७८ कार्तिक २ गते आएको अविरल बर्षातका कारण जगन्नाथ गाउँपालिका वडा नं २ र ३ को बिचमा पर्ने जुड्डी खोलाले जगन्नाथ गाउँपालिकाको केन्द्र,जुड्डीमा रहेको कार्यालयका दुइ वटा भवन (१४ कोठा),कर्मचारी आवासका दुइ वटा भवन (१४ कोठा),सभा हल,पाँच शैंयाको कोरोना अस्पताल, भान्सा कोठा,शौचालय,गाउँपालिकाको ग्यारेज पुर्ण रुपमा क्षति भएको र प्रहरी चौकीको ७ कोठाको भवन,भान्सा कोठा र गाउँपालिकको खेलग्राम कर्णाली नदिको उच्च जोखिममा रहेको र कार्यालयका दैनिक खर्च भएर जाने सामानहरु,योजनाका निर्माण सामाग्री,कम्पुटर,फर्निचर, (कुर्चि,टेबुल,सोफासेट,रयाक र रोष्टम) कार्यालयका आर्थिक बर्ष २०७४२०७५ देखि / २०७८ सम्मका सम्पुर्ण श्रेस्ता/२०७७,कृषि औजार,बिउबिजन,औषधि,स्वास्थ्य उपकरण र लत्ता कपडा खोलाले बगाएकोले प्रहरी सर्जमिन चुल्कामा गाउँपालिकाको जग्गाको अनुमानित मुल्य बाहेक रु ३,९१,४०,०००। अक्षेरुपी तिन करोड एकानब्बे लाख चालिस हजारको क्षति भएकोले गाउँपालिकाले ठुलो क्षति व्यहोर्नु परेकोछ ।उक्त बाढीको समयमा ज्यानको प्रवाह नगरी उद्धारमा खटिएका जनप्रतिनिधि, स्थानीय नागरिक,कर्मचारी,सुरक्षाकर्मी र उक्त घटनालाई स्थानीय देखि राष्ट्रिय मिडियामा ल्याइदिने पत्रकारलाई जगन्नाथ गाउँपालिका र एघारौं गाउँसभा बाट धन्यवाद व्यक्त गर्दछु

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार "

- सर्वप्रथम मुलुकको राष्ट्रियता,राष्ट्रिय स्वाभिमान,अखण्डता,सार्वभौमसत्ता प्रजातन्त्र र समृद्धिका लागि विगतमा भएका ऐतिहासिक जन आन्दोलन, संघर्ष र विभिन्न राजनैतिक आन्दोलनहरुमा जीवनको बलिदान गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। राजनैतिक आन्दोलनका क्रममा बेपत्ता भएका नागरिक र घाइते योद्वाहरु प्रति उच्च सम्मान तथा सहानुभुति प्रकट गर्दछु ।
- मुलुकमा भएको राजनैतिक परिवर्तन संस्थागत भई संविधान कार्यान्वयनको चरणमा रहेकाले हाम्रो स्थानिय सरकारलाई विकास र समृद्धिको यात्रामा अघि बढ्न सहज हुँदै गएकोछ। देशको मानव विकास सुचकांक र विकासमा सबैभन्दा तल रहेको बाजुरा जिल्लाको जगन्नाथ गाउँपालिकामा आफ्नै चुनौति र समस्याका बाबजुद स्थानिय तह भित्र रहेका कृषि,जडीबुटी र जलस्रोतको उपयोग गर्नका लागि हामी प्रतिबद्धछौ ।
- उपलब्ध वित्तिय स्रोतको वितरण आवश्यकता समन्यायिकता एवं समानुपातिक,सामावेशि, ढंगले भौतिक पुर्वाधार निर्माण,आर्थिक समृद्धि र सुशासनको मार्गमा जगन्नाथ गाउँपालिका अघि बढिरहेकोछ। जगन्नाथ गाउँपालिकालाई आत्मनिर्भर बनाउन कृषि,जलस्रोत,पर्यटन र जडिबुटी व्यवसाय लगायतका क्षेत्रको विकास,बिस्तार र सुदृढीकरण गरिनेछ।

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार "

गाउँपालिकाका उपाध्यक्ष ज्यु,

उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

जगन्नाथ गाउँपालिकाको आर्थिक बर २०७९।२०८० को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

१. दलहन बाली,तरकारी र फलफूल (आप,कागती,सुन्तला,किवि,ओखर,स्याउ र केरा)जातका बिरुवालाई उच्च प्राथमिकता दिई व्यवसायीक खेति गर्न किसानलाई प्रोत्साहन गरिनेछ।

२. लैफु देखि पिलुचौर सम्मको कर्णाली करिडोर आसपासमा हावापानी सुहाँउदो फलफुलका बिरुवा र बृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

३. गाउँपालिका भित्र उपयोगमा नआएको सरकारी बाँझो जमिनमा व्यवसायीक फलफूल खेति गर्नका लागि समुह वा सहकारीलाई प्रोत्साहन गरिनेछ ।

४. एक घर एक करेशा बारी कार्यक्रमलाई निरन्तरता,व्यवसायीक तरकारी खेती र फलफुल खेतिमा सिंचाइ प्रणाली विकास गर्न साना सिचाइ योजनालाई प्राथमिकता दिइनेछ ।

५. कृषकहरुलाई नविनतम प्रबिधि बाट खेति गर्नका लागि कृषि औचारहरु ५० प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ।

६. खाद्यान्न बालीको उत्पादन बृद्धि गर्न उन्नत बिउ,मल र सिचाइमा जोड दिइ कृषि उत्पादकत्व बढाई खाद्य सुरक्षाको प्रत्याभुति गर्नुका साथै रैथाने बालीको जगेर्ना,बिउ उत्पादन तथा संरक्षण र किसानको उत्पादनलाई बजारीकरणका लागि सहजिकरण समन्वय गरिनेछ।

७. जगन्नाथ गाउँपालिकाको सबै वडाहरुमा माटो परिक्षण गरि सिफारिस गरिएको कृषि वाली तथा फलफुल खेतीलाई बिस्तार गर्नुका साथै वि.एस.सि.ए.जि.भर्ना गरेर सेवा प्रवाह गरिनेछ ।

८. गाउँपालिका भित्र पशु स्वास्थ्य शिविर,औषधी-उपकरण सहज रुपमा उपलब्ध गराइनेछ।

९. गोठ,खोर,भकाँरो सुधार कार्यक्रम र मलखाद व्यवस्थापनलाई अभियानका रुपमा संचालन गरि कम्पोष्ट मल उत्पादनमा जोड दिइनेछ।

१०. उन्नत जातका पशुहरुको नश्ल सुधारका लागि कृत्रिम गर्भाधान र उन्नत जातका रागा,बोका र थुमा वितरण गरिनेछ।

११. प्रत्येक बर्ष गाउँपालिका भित्रका उत्कृष्ट कृषकहरुलाई पुरुस्कारको व्यवस्था गरिनेछ ।

१२. व्यवसायीक रुपले कृषि तथा पशुपालन गरिरहेका कृषकलाई बिमा गर्नका लागि सम्बन्धित निकाय संग समन्वय गरिनेछ।

गाउँपालिकाका उपाध्यक्ष ज्यु,

उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

१३. जगन्नाथ गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयमा इ-हाजिरी जडान गरिनेछ ।

१४. जगन्नाथ गाउँपालिकाको दश बर्षे गाउँशिक्षा योजना र स्थानिय पाठ्यक्रम निर्माण गरि आगामी शैक्षिक शत्र देखि सम्पुर्ण सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रम र गाउँ शिक्षा योजना लागु गरिनेछ।

१५. सामुदायीक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरुलाई अन्तर जिल्ला भ्रमणको व्यवस्था गरिनेछ।

१६. गाँउपालिका भित्रका सामुदायिक विद्यालयलाई प्रविधीमैत्री बनाउने उद्धेश्यले कम्पयुटर र सोलार नभएका विद्यालयमा कम्पुटर,फोटोकपी,सोलार र इन्टरनेटको व्यवस्था गरिनेछ।

१७. शैक्षिक गुणस्तर सुधारका लागी शिक्षकको क्षमता अभिवृद्धिका लागि बिषय बिशेषज्ञ सहित (तहगत र विषयगत) तालिमको व्यवस्था गरिनेछ ।

१८. सामुदायीक विद्यालयहरुमा फर्निचर, पि फर्म र कार्पेटको व्यवस्था गरिनेछ ।

१९. कक्षा ५ र ८ को परिक्षामा उत्कृष्ठ नतिजा ल्याउने छात्र छात्रा,शिक्षक र विद्यालयलाई उचित पुरुस्कार र सम्मान गरिनेछ।

२०. जगन्नाथ गाँउपालिकामा स्थायी बसोबास गरिरहेका वालवालिकाले सामुदायीक विद्यालयमा अध्ययन गरेका दलित र विपन्न वालवालिकाहरुले कक्षा १२ को परिक्षामा उत्कृष्ठ नतिजा एम.वि.वि.एस र इन्जिनियरिङ्ग अध्ययनका लागि प्रवेश परिक्षा उतिर्ण गरेमा पठनपाठनका लागि शैक्षिक संस्थामा लाग्ने पचास प्रतिशत शुल्कको व्यवस्था गाउँपालिका बाट गरिनेछ ।जिल्ला बाहिर प्राविधिक शिक्षा अध्ययन गरिरहेका विपन्न दलित वालवालिकाहरुलाई छात्रबृत्तिको व्यवस्था गरिनेछ ।

२१. शिक्षक,विद्यार्थी र अभिवावक विच समुधुर सम्वन्धमा कायम गर्न विद्यालयमा त्रिपक्षिय भेलाको आयोजना गर्नुका साथै मासिक प्र.अ.बैठक,अनुगमन र निरीक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२२. वालवालिकाको सिकाई व्यवस्थापनका लागी वालशिक्षा कक्षाहरुलाई नेपाल सरकारले तोकेको मापडण्ड अनुसारको स्रोत साधनको व्यवस्था गरि वालकक्षाहरुलाई वालमैत्री बनाउनुका साथै इसिडी सहजकर्ताहरुका लागि मन्टेशवरी तालिमको व्यवस्था गरिनेछ।

२३. विद्यार्थिको पढाई संगै आन्तरिक प्रतिभालाई उजागर गर्न स्रोत विद्यालय स्तरिय,गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप,रास्ट्रपति रनिङ सिल्ड संचालन गर्नुका साथै विद्यालयमा स्काउट गठन गरिनेछ।

२४. गाउँपालिकाले भर्ना गरेका स्वंयमसेवक शिक्षकको (प्रा.वि.,नि.मा.वि र मा.वि) मासिक रु २०००।का दरले तलब बृद्धि गर्नुका साथै बिद्यार्थी संख्याको आधारमा आवश्यकता भएका विद्यालयहरुमा स्वंयमसेवक शिक्षक पदपुर्ति गरिनेछ।

२५. शिक्षकको कार्य सम्पादन र कार्यक्षमताका आधारमा पुरुस्कार र दण्डको व्यवस्था गरिनेछ।

२६. युवाहरुमा अन्तरनिहित प्रतिभाहरुको विकास गर्न साहित्य,संस्कृति,कला,संगित,खेलकुद,विज्ञान तथा प्रविधिको क्षेत्रमा प्रोत्साहन गरिनेछ।

गाउँपालिकाका उपाध्यक्ष ज्यु,

उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

२७. १० शैया अस्पतालको सुदृढिकरण गर्नुका साथै एम.वि.वि.एस.डाक्टरको व्यवस्था गरिनेछ।

२८. गाउँपालिका भित्रका ६ वटै वडामा घुम्ति स्वास्थ्य शिविर,औषधी वितरण,विद्यालय स्वास्थ्य कार्यक्रम र गाउँपालिकामा बिशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ।

२९. गर्भवति महिलाको गर्भावस्थाको निशुल्क स्वास्थ्य परिक्षण,वडा नं २ र ४ मा बर्थिङ्ग सेन्टर स्थापना र आवश्यकताका आधारमा सामुदायीक स्वास्थ्य इकाईहरुको विस्तार गरिनेछ ।

३०. जनतालाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्याउन एम्बुलेन्स खरिद गरि सेवा संचालन र गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सेवा बिस्तार गरिनेछ।

३१. गाउँपालिकाले भर्ना गरेका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको मासिक रु १,०००।का दरले तलव बृदि गरिएकोछ।

३२. आयुर्वेद उपचार पद्धतिलाई प्रर्द्धधन गरि जनसेवा स्वास्थ्यमा अभिबृद्धि गरिनेछ ।

३३. समाजमा परम्परा देखि मनाउदै आएका धार्मिक तथा साँस्कृतिक चाडपर्वहरु मनाउन आवश्यक बजेटको व्यवस्था गरिएकोछ।

३४. स्थानीय बाजाको संरक्षण र ऐतिहाँसिक पोशाकको लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ।

३५. गाउँपालिका भित्रका मुख्य तथा शाखा सडकहरुको स्तरोउन्नती गरिनेछ।

३६. गाँउपालिका भित्र समुदायको माग र आवश्यकताका आधारमा भौतिक पुर्वाधारका योजनाहरुका लागि आवश्यक बजेट विनियोजन गरेकोछु।

३७. नागरिकले स्वच्छ खानेपानीको सुनिश्चतताका लागि खानेपानीका पुर्वाधार निर्माण,स्रोत र मागको आधारमा एक घर एक धाराको अवधारणालाई निरन्तरता दिइनेछ।

३८. एक घर एक चर्पी,जुठ्यान र चाङको नीति पुर्ण रुपमा लागु गरिनेछ।

३९. खानेपानीको मुहान दर्ता,संरक्षण,मर्मत संभार कोष र मासिक शुल्क र खानेपानी सुरक्षा योजनालाई निरन्तरता दिइनेछ ।

४०. बजार बिस्तारको चरणमा रहेका पिलुचौर,जुड्डी र बेर्मा बजारमा ढल निकासु र डम्पिङ्ग साइटको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

गाउँपालिकाका उपाध्यक्ष ज्यु,

उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

४१. जुङ्गी खोला,भुकाँ खोला र बङ्गीगाड लघु जलविद्युत आयोजनाको स्तरोउन्नती गरि नियमित विद्युत सेवा संचालन र लेखा प्रणालीलाई व्यवस्थित गर्नका उपभोक्ता समिति संग समन्वय गरिनेछ ।

४२. घरभित्रको धुवा न्युनिकरणका लागि सुधारिएको चुलो जडान कार्यलाई अभियानको रुपमा संचालन गर्न विभिन्न सरोकारवाला निकायहरु संग समन्वय गरिनेछ।

४३. पिलुचौर,जुङ्गी र बेर्मा बजारमा सोलार बत्ति जडानका लागि आवश्यक बजेट विनियोजन गरिएकोछ।

४४. गाउँपालिका भित्रका बेरोजगार व्यक्तिको तथ्याँक संकलन र अद्यावधिक गर्नुका साथै युवाहरुलाई मागको आधारमा सिप मुलक तालिम (सिलाई कटाइ,प्लम्बिङ्ग,अटोमोवाइल,मोवाइल मर्मत,हाउसवाइरिङ्ग,ड्राइभिङ्ग,जे.सि.वि अपरेटर र कम्पुटर मर्मत) संचालन गरिनेछ ।

४५. संघिय सरकारको मर्म बमोजिम गाउँपालिकाले वेरोजगार व्यक्तिहरुलाई रोजगार दिने उद्धेश्यका साथ अध्यक्ष रोजगार कार्यक्रम मार्फत ३६० जना युवायुवतिहरुलाई ५० दिनको रोजगारी र प्रधानमन्त्री रोजगार कार्यक्रम बाट १८० जना युवायुवतीहरुलाई १०० दिनको रोजगारी उपलब्ध गराइनेछ ।

४६. राष्ट्रिय वन,सामुदायीक वन,धार्मिक वन,कबुलियती वन,नीजि वनको संरक्षण र बृक्षारोपण कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि सामुदायीक वन उपभोक्ता समिति संग समन्वय गरिनेछ।

४७. हरियाली बढाऔ,खडेरी बाट मुक्त होऔ भन्ने नारालाई कार्यान्वयन गर्न खाली जग्गामा अनिवार्य रुपमा बृक्षारोपण गर्न सामुदायीक वनहरुलाई प्रोत्साहन गरिनेछ।

४८. घरेलु,कुटिर उद्योग स्थापना गर्ने व्यक्ति तथा फर्मलाई प्रोत्साहन गर्नुका साथै संचालनमा रहेका कुटिर उद्योगलाई दर्ता प्रक्रियालाई निरन्तरता दिइनेछ।

४९. कुटिर,लघु तथा साना उद्योग संचालन गर्ने महिला तथा बिदेश बाट फर्किएका युवाहरुलाई व्यवसायको आधारमा ५० प्रतिशत सम्म अनुदानको व्यवस्था गरिनेछ।

५०. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेडपा) मार्फत युवायुवतिहरुलाई सीपमुलक तालिमहरु संचालन गरिनेछन।

५१. परम्परागत सीप (मुर्तिकला,हस्तकला र काष्ठकला) को जगेर्ना गर्दै परम्परागत पेशालाई आधुनिकीकरण गर्न युवाहरुलाई प्रोत्साहन गरिनेछ ।

**गाउँपालिकाका उपाध्यक्ष ज्यु,**

**उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,**

५२. वडा कार्यालय,स्वास्थ्य संस्था र विद्यालयहरुमा इन्टरनेट जडान गरिनेछ ।

५३. गाउँपालिकामा भए गरेका क्रियाकलापहरुलाइ विद्युतिय र छापा माध्यम मार्फत सार्वजनिकिकरण गरि पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गरिनेछ।

५४. नागरिकको सूचना पाउने हक अधिकारलाई आत्मसात गरि गाउँपालिकाले आफ्ना गतिबिधिहरुलाई सूचनापाटी,स्थानिय पत्रपत्रिका,ओइभ साइट,एफ.एम.रेडियो मार्फत सूचना प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाइनेछ।

५५. गाउँपालिकाको समग्र बस्तुस्थिति झल्किने डिजिटल पाश्वचित्र तयार गरी पालिकामा सूचना केन्द्रको स्थापना गरिनेछ ।

५६. विपद जोखिम न्युनिकरण,खोज उद्धार तथा राहत सम्बन्धि कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न विपद व्यवस्थापन कोष स्थापना गरि पिडितलाई राहत उपलब्ध गराइनेछ।

५७. गाउँपालिकाले बिगतमा दिदै आएको राहतमा पुनरावलोकन गरि प्रहरी मुचुल्काका आधारमा क्षतिको मुल्याङ्कनका आधारमा एक लाख सम्म क्षति भएमा पाँच हजार,एक लाख भन्दा बढी क्षति भएमा दश हजार,व्यक्तिको अंङ्गभङ्ग भएमा १५ हजार र मृत्यु भएमा रु २५ हजार सम्म राहत उपलब्ध गराइनेछ ।

५८. गाउँपालिकाको विपद जोखिम योजना तयारी,विपद व्यवस्थापन कोषको व्यवस्था र मापदण्डका आधारमा राहत वितरण गर्ने व्यवस्था मिलाइनेछ।

५९. खरको छानो बिस्थापित गर्ने कार्यक्रम अन्तर्गत प्राथमिकताको आधारमा छनौट गरि कार्यान्वयन गरिनेछ।

६०. बाढी,पहिरो,आगलागी,सुक्खा खडेरी जस्ता प्राकृतिक बिपत्तिमा परेका व्यक्तिको उद्धार गरि तुरुन्त राहत उपलब्ध गराउन नेपाल प्रहरी,नेपाल रेडक्रस सोसाइटी र नेपाली सेना संग समन्वय गरि उद्धार र प्राथमिक उपचार गर्ने व्यवस्था मिलाइनेछ।

**गाउँपालिकाका उपाध्यक्ष ज्यु,**

**उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,**

६१. जगन्नाथा गाउँपालिका वडा नं १ देखि ६ सम्म होटल,पसल र फर्म संचालन गरेर दर्ता प्रकियामा नआएका व्यवसायीहरुलाई दर्ता प्रक्रियामा ल्याउनुका बजार अनुगमन कार्यलाई निरन्तरता दिने र नियमित अनुगमन मार्फत उपभोग्य बस्तुहरुको चेकजाँच गरिनेछ ।

६२. आन्तरिक आयलाई सवल बनाउन राजश्वको दायरा बढाउनुका साथै वित्तिय शुसासन कायम गर्न ३।३ महिनामा आन्तरिक लेखा परिक्षण गर्ने व्यवस्था मिलाउनुका साथै सार्वजनिक खर्चमा मितव्ययिता कामय गरिनेछ।

६३. सामाजिक सुरक्षा,उपभोक्ता समिति,सप्लायर्स,फर्म,प्रधानमन्त्री रोजगार कार्यक्रम र अध्यक्ष रोजगार कार्यक्रमको ज्याला लगायत सबै प्रकारका भुक्तानी बैङ्किक प्रणाली बाट गर्ने व्यवस्था मिलाइनेछ।

६४. गाउँपालिका भित्र संचालनमा रहेका सहकारी र बचत समुहलाई अनुगमनको दायरामा ल्याइनेछन्।

६५. बैंङ्क तथा वित्तिय संस्थाले प्रदान गर्ने वित्तिय सेवामा आम नागरिकको पहुँच अभिबृद्धि गर्न विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न वित्तिय साक्षरता अभिमुखीकरण एवं क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

६६. सबै प्रकारका सामाजिक,आर्थिक विभेदको अन्त्य गर्दै विकास,समृद्धि र सामाजिक न्यायको यात्रालाई गतिशिल बनाउनका विभिन्न खालका जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछन।

६७. न्यायमा पहुँच नपुगेका एकल महिला,दलित,हलिया,खलिया,अपाङ्गता भएका व्यक्ति,हिंशा पिडित महिला,बालबालिका तथा जेष्ठ नागरिक तथा असहाय नागरिकहरुका लागि निशुल्क कानुनी सहायता तथा परामर्श दिइनेछ ।

६८. वालविवाह,छाउपडी,महिला बिरुद्धका कुरिति,भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण र सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछन ।

६९. न्यायिक समितिको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछन।

७०. गाउँपालिकाले दिदै आएको ग र घ बर्गका अपाङ्गहरुलाई दिदै आएको भत्तालाई निरन्तरता दिनुका साथै परिचय पत्र नपाएर अपाङ्ग भत्ता बाट बन्चित व्यक्तिहरु परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

७१. मानव विकास सुचकाँङ्कका दृष्ट्रिले पिछडिएका क्षेत्र,बर्ग एवम समुदायलाई प्राथमिकता दिइनेछ।

**गाउँपालिकाका उपाध्यक्ष ज्यु,**

**उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,**

७२. शान्ति सुरक्षाको प्रत्याभुति,भष्ट्राचार नियन्त्रण,सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

७३. सार्वजनिक सेवालाई सर्वसुलभ,छिटोछरितो र प्रविधिमैत्री बनाइनेछ। सेवाग्राही बाट पृष्ठपोषण लिने र नागरिक बाट प्राप्त गुनासोहरुको तत्काल समाधान गर्ने व्यवस्था मिलाइनेछ ।

७४. कर्मचारी र जनप्रतिनिधिकहरुको क्षमता विकासका लागि समय सापेक्ष तालिम,गोष्ठी,कार्यक्षमताका आधारमा पुरुस्कार र दण्डको व्यवस्था गरिनेछ।

७५. गाउँपालिकामा कार्यरत नेपाल सरकारले कायम गरेका दरबन्दी बाहेकका कार्यालय सहयोगी र वडा सहायकको स्केलमा एकरुपता कायम गर्नुका साथै करार सेवामा काम गरिरहेका कार्यालय सहयोगी बाहेकका कर्मचारीहरुको मासिक रु १०००।का दरले तलब बृद्धि गरिएकोछ।

७६. आर्थिक बर्ष २०७७।२०७८ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत संचालनमा रहेका अधुरा योजनाहरु सम्पन्न गर्ने गरि बजेट विनियोजन गरिएकोछ ।

"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार "

गाउँपालिकाका उपाध्यक्ष ज्यु,

उपस्थित सम्पुर्ण गाउँसभाका सदस्य ज्युहरु,

आर्थिक बर्ष २०७९।२०८० को अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न गइरहेकोछु ।

आम्दानी तर्फ

संघीय सरकार बाट प्राप्त बित्तिय समानिकरण अनुदानमा रु ८ करोड ४७ लाख,सर्शत अनुदानमा चालु रु ८ करोड ९८ लाख, सशर्त अनुदानमा (पुजिगत) रु १ करोड २४ लाख, बिशेष अनुदानमा रु ६० लाख,समपुरक अनुदान रु ८० लाख, राजश्व बाँडफाडमा रु ६ करोड ६९ लाख ४६ हजार प्राप्त भएको।प्रदेश सरकार बाट बित्तिय समानिकरण अनुदानमा रु ५६ लाख ५४ हजार,समपुरक अनुदानमा ३७ लाख र राजश्व बाँडफाडमा रु ९ लाख ५ हजार प्राप्त भएकोछ।गाउँपालीका बाट उठ्ने अनुमानित आन्तरिक आम्दानी रु १६ लाख ८० हजार,अल्या रकम आ.ब.०७८।०७९ को रु २० लाख गरी जम्मा आय रु २८ करोड १७ लाख ८५ हजार मात्र।सामाजिक सुरक्षा कोषको रकम यसमा समाबेश गरिएकोछैन।अनुमान गरिएकोमा सोहि परिधिभित्र रही बिभिन्न शिर्षकहरुमा रकम बिनियोजित गरेकोछु ।

बिनियोजित खर्च तर्फ

विनियोजित गरिएको रकम मध्ये रु ७ करोड १५ लाख ३१ हजार रकम चालु खर्च तर्फ बिनियोजित गरेकोछु।संघीय सरकार बाट प्राप्त शर्सत अनुदान (चालु) रु ८ करोड ९८ लाख र शर्सत अनुदान (पुँजिगत) १ करोड २४ लाख जसरी प्राप्त भएकोछ।त्यही अनुसार खर्च गर्ने गरि सभामा पेस गरेकोछु ।यस बाहेक संघ बिशेष मार्फत रु ६० लाख,संघ समपुरक मार्फत रु ८० लाख,प्रदेश समपुरक मार्फत रु ३७ लाख र समानिकरण पुँजिगत को रु ९ करोड ०३ लाख ५४ हजार गरि जम्मा रु २८ करोड १७ लाख ८५ हजार पुँजिगत विकास कार्यक्रम तर्फ विनियोजित गरेकोछु ।

आर्थिक बिकास तर्फ

(क) कृषि बिकास तथा पशु सेवा

कृषि विकास तथा पशु सेवा कार्यक्रम तर्फ सम्भाब्यताको आधारमा जम्मा रु २९ लाख ४५ रकम बिनियोजित गरेकोछु ।

सामाजिक बिकास तर्फः

(क) शिक्षा

शिक्षा तर्फ सर्शत अनुदानमा आयको रकम सोही बमोजिम खर्च हुने गरि विनियोजन गरेकोछु।शिक्षा क्षेत्रका समग्र आवश्यकताहरु महशुस गरि जम्मा रु ३ करोड २७ लाख ८८ हजार रकम बिनियोजित गरेकोछु।

(ख) स्वास्थ्य

स्वास्थ्य तर्फ सर्शत अनुदानमा आएको रकम सोहीअनुसार खर्च हुने गरि विनियोजित गरेकोछु। स्वास्थ्य क्षेत्रका समग्र आवश्यकता र समस्याहरु महशुस गरि गरि जम्मा रु २ करोड ७२ लाख रकम विनियोजित गरेकोछु ।

**(ग) संस्कृती प्रर्वद्धन**

संस्कृती प्रर्वद्धन तर्फ रु १५ लाख रकम विनियोजन गरेकोछु ।

**(ङ) खेलकुद तथा मनोरञ्जन**

खेलकुद क्षेत्रको बिकासलाई मध्यनजर राख्दै रु ८ लाख रकम बिनियोजन गरेकोछु ।

**(च) लैंगिक समानता तथा समाजिक समावेशिकरण**

लैगिक समानता तथा सामाजिक समाबेशिरण तर्फ रु ६ लाख ८० हजार बिनियोजन गरेकोछु ।

**पुर्वाधार विकास**

**(क) सडक पुर्वाधार**

पुर्वाधार विकास अन्तरगत सडक निर्माण तथा मर्मतको लागी रु ८० लाख रकम विनियोजन गरेकोछु।

**(ख) सिँचाई**

सिँचाइको आवश्यकतालाई मध्यनजर गर्दै रु ३० लाख रकम विनियोजन गरेकोछु ।

**(ग) अन्य सार्वजनिक निर्माणः**

अन्य सार्वजनिक निर्माण तर्फ रु ३ करोड ६० लाख रकम विनियोजन गरेकोछु ।

**(घ) प्रकोप व्यवस्थापनः**

प्रकृतिक प्रकोप व्यवस्थापनको लागी रु १५ लाख रकम विनियोजन गरेकोछु ।

**(ङ) भैपरी आउने पुँजीगत**

भैपरि आउने पुँजिगत लागि रु ३ करोड ७८ लाख ५३ हजार मात्र रकम विनियोजन गरेकोछु। गाउँपालिका भित्र कार्यक्षेत्र बनाई विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरु संग समन्वय तथा सहकार्य गर्नको लागी रु २० लाख २ हजार रकम विनियोजित गरेकोछु । आ.व.०७९।२०८० को बजेट तथा कार्यक्रममा समावेश गर्न नसकेका कार्यक्रमहरु आगामी आ.व.को बजेट तथा कार्यक्रममा समाबेश गर्दै लैजाने तथा यहाँको श्रोत्त साधनले गर्न नसकिने ठुला बिकासका योजनाहरु केन्द्रिय तथा प्रदेश सरकार संग माग गर्ने व्यवस्था मिलायकोछु। बजेट तथा कार्यक्रमको पुर्ण कार्यान्वयन भई सुखी खुसी एवम् समृद्ध गाउँपालिका निर्माणमा सहयोग पुग्नेछ भन्ने अपेक्षा लिएकोछु। यसको लागी यहाँहरु सवैको समन्वय र सहयोग आवश्यकछ। आर्थिक बर्ष २०७९।२०८० को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव दिई सहयोग गर्नु हुने गाउँसभा सदस्यहरु,राजनीतिक दल,राष्ट्रसेवक,नागरिक समाज र गाउँपालिकाका नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद

स्वास्थ्य तर्फ सर्शत अनुदानमा आएको रकम सोहीअनुसार खर्च हुने गरि विनियोजित गरेकोछु। स्वास्थ्य क्षेत्रका समग्र आवश्यकता र समस्याहरु महशुस गरि गरि जम्मा रु २ करोड ७२ लाख रकम विनियोजित गरेकोछु ।

(ग) संस्कृती प्रर्वद्धन

संस्कृती प्रर्वद्धन तर्फ रु १५ लाख रकम विनियोजन गरेकोछु ।

(ङ) खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रको बिकासलाई मध्यनजर राख्दै रु ८ लाख रकम बिनियोजन गरेकोछु ।

(च) लैंगिक समानता तथा समाजिक समावेशिकरण

लैगिक समानता तथा सामाजिक समाबेशिरण तर्फ रु ६ लाख ८० हजार बिनियोजन गरेकोछु ।

पुर्वाधार विकास

(क) सडक पुर्वाधार

पुर्वाधार विकास अन्तरगत सडक निर्माण तथा मर्मतको लागी रु ८० लाख रकम विनियोजन गरेकोछु।

(ख) सिँचाई

सिँचाइको आवश्यकतालाई मध्यनजर गर्दै रु ३० लाख रकम विनियोजन गरेकोछु ।

(ग) अन्य सार्वजनिक निर्माणः

अन्य सार्वजनिक निर्माण तर्फ रु ३ करोड ६० लाख रकम विनियोजन गरेकोछु ।

(घ) प्रकोप व्यवस्थापनः

प्रकृतिक प्रकोप व्यवस्थापनको लागी रु १५ लाख रकम विनियोजन गरेकोछु ।

(ङ) भैपरी आउने पुंजीगत

भैपरि आउने पुँजिगत लागि रु ३ करोड ७८ लाख ५३ हजार मात्र रकम विनियोजन गरेकोछु। गाउँपालिका भित्र कार्यक्षेत्र बनाई विकास कार्यमा साझेदारी गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरु संग समन्वय तथा सहकार्य गर्नको लागी रु २० लाख २ हजार रकम विनियोजित गरेकोछु । आ.व.०७९।२०८० को बजेट तथा कार्यक्रममा समावेश गर्न नसकेका कार्यक्रमहरु आगामी आ.व.को बजेट तथा कार्यक्रममा समाबेश गर्दै लैजाने तथा यहाँको श्रोत्त साधनले गर्न नसकिने ठुला बिकासका योजनाहरु केन्द्रिय तथा प्रदेश सरकार संग माग गर्ने व्यवस्था मिलायकोछु।बजेट तथा कार्यक्रमको पुर्ण कार्यान्वयन भई सुखी खुसी एवम् समृद्ध गाउँपालिका निर्माणमा सहयोग पुग्नेछ भन्ने अपेक्षा लिएकोछु।यसको लागी यहाँहरु सवैको समन्वय र सहयोग आवश्यकछ।आर्थिक बर्ष २०७९।२०८० को नीति तथा कार्यक्रम तर्जुमा गर्ने चरणमा सुझाव दिई सहयोग गर्नु हुने गाउँसभा सदस्यहरु,राजनीतिक दल,राष्ट्रसेवक,नागरिक समाज र गाउँपालिकाका नागरिकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद

जगन्नाथ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

जुड्डी, बाजुरा, सुदुर पश्चिम प्रदेश नेपाल

एघारौ गाउँ सभा आ.व. २०७९।८० को वार्षीक बजेट

# कार्यक्रम खर्च

| क्र.स | खर्च शिर्षक | कार्यक्रमको नाम | रकम रु | बजेटको स्रोत | श्रोत |
|---|---|---|---|---|---|
| १ | २२५२२ | अपांग राहात कार्यक्रम | ४००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| २ | २२५२२ | दलित लक्षित र यूवा लक्षित सामान्य सचेतनामुलक कार्यक्रम | १२०,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| ३ | २२५२२ | महिला लक्षित सामान्य सचेतनामुलक कार्यक्रम | १६०,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| ४ | २२५२२ | शिक्षा तर्फका कार्यक्रम | १,०००,०००.०० | अ.ल्या. | गा.पा. |
| ५ | २२५२२ | स्वास्थ्य तर्फका कार्यक्रम | १,०००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| ६ | २२५२२ | स्वंयसेवकको पारिश्रमिक | ९,१५०,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| ७ | २२५२२ | सामुदायिक स्वास्थ्य ईकाइको थप पारिश्रमिक | ६,४९९,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| ८ | २२५२२ | ईसिडि,लेखापाल र कार्यालय सहयोगिहरुको पारिश्रमिक | ५,४००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| ९ | २२५२२ | महिला स्वंय सेविकाको खाजा खर्व | ६१२,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| १० | २२५२२ | खेलकुद क्षेत्र प्रोत्साहन कार्यक्रम | २००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| ११ | २२५२२ | न्यानीय समित व्यवस्थापन,परामर्श,बैठक र तथा | १,०००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| १२ | २२५२२ | बहुक्षेत्रीय पोषणमा साझेदारी कार्यक्रम | ५००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| १३ | २२५२२ | मनोरन्जनात्मत तथा कलात्मकमा अनुदान | १००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार |
| १४ | २२५२२ | वडा सहायक कर्मचारी | १,६८०,०००.०० | आन्तरिक आम्दानी | गा.पा. |
| | | **कुल जम्मा** | २७,८२१,०००.०० | | |

जगन्नाथ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

जुड्डी, बाजुरा, सुदुर पश्चिम प्रदेश नेपाल

एघारौ गाउँ सभा आ.व. २०७९।८० को वार्षीक बजेट

# पुंजिगत खर्च

| क.सं | खर्च संकेत नं | विवरण | रकम रु. | बजेट प्राप्त हुने स्रोत | स्रोत | प्राप्तिको विधि |
|---|---|---|---|---|---|---|
| १ | ३१११५ | फर्निचर तथा फिक्चर्स | ९०००००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| २ | ३११२१ | सवारी साधन खरिद | २००००००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| ३ | ३११२२ | मेसिनरी औजार | १००००००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| ४ | ३११३१ | पसूधन तथा वागवानी विकास(सहकर्मी समाज अन्तरगत शसक्त नागरिक साझेदारी)कार्याक्रम एकमुष्ट कृषि तर्फ) | २९४५०००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| ५ | ३११३१ | पसूधन तथा वागवानी विकास कार्यक्रम (पसु तर्फ) | १००००००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| ६ | ३११३२ | कम्प्यूटर सफ्टवेयर निर्माण तथा खरिद | १००००००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| ७ | ३११५१ | सडक तथा पुल निर्माण | ०.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| ८ | ३११५३ | विघुत संरचना निर्माण | ०.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| ९ | ३११५५ | सिंचाई संरचना निर्माण | ०.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| १० | ३११५६ | खानेपानी संरचना निर्माण | ०.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| ११ | ३११५७ | वन तथा वातावरण | ०.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| १२ | ३११५९ | अन्य सार्वजनिक निर्माण | ०.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| १३ | ३११५९ | अन्य सार्वजनिक निर्माण गाउँपालिका गा.पा.को हल तथा सौचालय सहितको घेरवार निर्माण | २००००००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| १४ | ३११५९ | अन्य सार्वजनिक निर्माण (प्रशासनीय भवन र संघ,प्रदेशका साझेदारी कार्यक्रम) अन्य | १७००००००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| १५ | ३११५९ | अन्य सार्वजनिक निर्माण(सिप विकास तथा उघमीहरुलाई)अनुदान | १००००००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| १६ | ३११५९ | अन्य सार्वजनिक निर्माण (अस्पताल संचालन तथा सिविर संचालन) | ६००००००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| १७ | ३११५९ | सहकर्मी समाज साझेदारी(टोल विकास तथा शुशासन सवलीकरण परियोजना) | २००२०००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| १८ | ३११५९ | अन्य- सार्वजनिक निर्माण (अध्यक्ष रोजगार निर्माण सामाग्री) | १००००००००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| १९ | ३११७१ | भैपरी आउने पुँजिगत खर्च | ३७८५३०००.०० | संघिय सरकार | बित्तिय समानीकरण | नगद |
| २० | ३११७२ | पुंजिगत अनुसन्धान तथा परामर्श | ५६५४०००.०० | प्रदेश सरकार | बित्तिय समानीकरण | नगद |
| | | कुल जम्मा:- | ९०३५४०००.०० | | | |

जगन्नाथ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

जुड्डी, बाजुरा, सुदुर पश्चिम प्रदेश नेपाल

एघारौ गाउँ सभा आ.व. २०७९।८० को वार्षीक बजेट

## चालु खर्च

| क्र.स. | चालु संकेत | शिर्षक | बजेट रु | बजेटको स्रोत | बजेटको स्रोतको तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ८,९००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| २ | २११२१ | पोषाक कर्मचारी | १७०,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ३ | २११३१ | स्थानीय भत्ता कर्मचारी | २,१४८,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ४ | २११३२ | महंगि भत्ता कर्मचारी | ४०८,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ५ | २११३४ | बैठक भत्ता कर्मचारी | २००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ६ | २११३९ | अन्य भत्ता कर्मचारी | १००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ७ | २११२३ | उपचार खर्च कर्मचारी | २००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ८ | २११४१ | पदाधिकारी बैठक भत्ता गाउँपालिका | ५४०,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ९ | २११४१ | पदाधिकारी बैठक भत्ता वडापालिका | ९१२,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| १० | २११४२ | पदाधिकारी अन्य सुविधा | ५,७००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ११ | २११४२ | पदाधिकारी अन्य सुविधा( उपचार खर्च) | ५००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| १२ | २११४२ | पदाधिकारी अन्य सुविधा( पोसाक) | ३४०,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| १३ | २११४९ | पदाधिकारी अन्य भत्ता | २८७,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| १४ | २२१११ | पानी तथा बुजुली | २५०,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| १५ | २२११२ | संञ्चार महसुल | ८००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| १६ | २२२११ | इन्धन पदाधिकारी | ५००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| १७ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | ४००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| १८ | २२२१३ | सवारी साधन मर्मत खर्च | १,०००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| १९ | २२२१४ | बिमा तथा नविकरण खर्च | २००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| २० | २२२२१ | मेसिनरी औजार मर्मत तथा संञ्चालन खर्च | ३००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| २१ | २२३११ | मसलन्द तथा कार्यालय सम्बन्धि खर्च गा.पा. र वडा | २,५००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| २२ | २२३१४ | इन्धन अन्य प्रयोजन | ७५,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| २३ | २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | १,०००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| २४ | २२४१३ | करार सेवा सुल्क | ९,११५,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| २५ | २२४१३ | करार सेवा सुल्क | ९०५,०००.०० | राजस्व बाँडफाँड | प्रदेश सरकार | |
| २६ | २२५११ | कर्मचारी तालिम खर्च | ४००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| २७ | २२५१२ | सिप विकास तथा जनचेतना गोष्ठि सम्बनधी खर्च | ५००,०००.०० | अल्या | गा.पा. | |
| २८ | २२५२२ | कार्यक्रम खर्च | २७,८२१,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| २९ | २२५२९ | बिबिध कार्यक्रम खर्च | १००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ३० | २२६११ | अनुगमन तथा मुल्याङ्कन खर्च | १,२००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ३१ | २२६१२ | भ्रमण खर्च | २००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ३२ | २२७११ | विविध खर्च गा.पा. | ८००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ३३ | २२७११ | विविध खर्च वडा कार्यालय | ३६०,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ३४ | २२७२१ | सभा संचालन खर्च | ५००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ३५ | २७२१२ | उद्धार राहात तथा पुनर्स्थापना खर्च | १,०००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ३६ | २७२१२ | उद्धार राहात तथा पुनर्स्थापना खर्च | ५००,०००.०० | अल्या | गा.पा. | |
| ३७ | २७२१३ | औषधि खरिद खर्च | ५००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| ३८ | २८१४२ | घर भाडा | २००,०००.०० | राजस्व बाँडफाँड | संघिय सरकार | |
| | | जम्मा | ७१,५३१,०००.०० | | | |

जगन्नाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुद्दी, बाजुरा, सुदुर पश्चिम प्रदेश, नेपाल

एघारौ गाउँसभा आ.व. २०७९।८० को वार्षीक बजेट

## जगन्नाथ गाउँपालिका वडा नं १ का योजनाहरू

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | शिर्षक | बित्तिय समानिकरण पुंजिगत | हस्तान्तरण गर्ने तह | अन्य श्रोत | बजेट हस्तान्तरण गर्ने तह | थप अन्य श्रोत विवरण | बजेट हस्तान्तरण गर्ने तह | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ढाडाकोट सिंचाइ कुलो | सिचाँई संरचना निर्माण | | | | | | | |
| २ | जुकाने देखि सिउतारे सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ३ | नाला देखि मष्टामाडु सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ४ | नाउलाखोला रिजर्व ट्यौंकी | सिचाँई संरचना निर्माण | | | | | | | |
| ५ | भवानी आधारभुत विद्यालयको रिजर्व ट्यौंकी | सिचाँई संरचना निर्माण | | | | | | | |
| ६ | कुसुपातल खानेपानी मर्मत | खानेपानी संरचना निर्माण | | | | | | | |
| ७ | तल्लो कुसुपातल खानेपानी मर्मत | खानेपानी संरचना निर्माण | | | | | | | |
| ८ | वडा नं १ को वडा कार्यालय जाने सडक निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| ९ | दाँगातडी देखि ठुला गडा सम्म गोरेटो बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| १० | पिलुचौर आमबाडी देखि धुपी रुख सम्म गोरेटो बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| ११ | मालिका चौर देखि सिमगोठी लडा सम्मा गोरेटो बाटो | सडक तथा पुल निर्माण | | | | | | | |
| १२ | दैया बाट ढाडाकोट सडकको मर्मत | सडक तथा पुल निर्माण | | | | | | | |
| १३ | वडा कार्यालयको घेरबार निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १४ | नउलापानी पैपाल्ना सामुदायीक वन घेरवार | वन तथा वातावरण निर्माण | | | | | | | |
| १५ | सरस्वती मा.वि.को फिल्ड तथा गेट निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १६ | बड्डीगाढ लघु जलविद्युत योजनाको पावर हावर तटवन्धन तथा पोल विस्तार | विधुत संरचना निर्माण | | | | | | | |
| १७ | ओखरतोला बृहत खानेपानी निर्माण वडा नं. १ | खानेपानी संरचना निर्माण | | | | | संघ | खानेपानी सेवा | १५००००० |
| १८ | कैलाश मन्दिर डिम्बर गाउँ वडा नं. १ | | | | | | संघ | संस्कृति प्रवर्द्धन | ७५०००० |
| | जम्मा: | | | | | | - | - | |

जगन्नाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुड्डी, बाजुरा, सुदुर पश्चिम प्रदेश, नेपाल

एघारौ गाउँसभा आ.व. २०७९।८० को वार्षीक बजेट

## जगन्नाथ गाउँपालिका वडा नं २ का योजनाहरू

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | शिर्षक | बित्तिय समानिकरण पुंजिगत | बजेट हस्तान्तरण गर्ने | अन्य श्रोत | बजेट हस्तान्तरण गर्ने | थप अन्य श्रोत विवरण | बजेट हस्तान्तरण गर्ने तह | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ढिकुली कुलो देखि तारे ढुङ्गा सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| २ | लुमा सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ३ | युवाका लागि खेलकुद निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| ४ | तल्लो हुनी कुलोको मुहान मर्मत | सिचाँई संरचना निर्माण | | | | | | | |
| ५ | विरुवा प्रा.वि.को मंच्च निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| ६ | वालविकास आ.वि.को ट्याँकी निर्माण | खानेपानी संरचना निर्माण | | | | | | | |
| ७ | माथिल्लो हुनी ढल निकास | खानेपानी संरचना निर्माण | | | | | | | |
| ८ | जगन्नाथ ठाकुर ज्यू को मन्दिर र घेरवार निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| ९ | सेरा आसबाडा हुदै वडा कार्यालय सम्मा गोरेटो बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| १० | तल्ला हुनी देखि काँडाकोट सम्म गोरेटो बाटो | सडक तथा पुल निर्माण | | | | | | | |
| ११ | वडा कार्यालयको फिल्ड निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १२ | सिमलका रुख देखि बङ्गया खारगडा सिंचाई निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| १३ | चौखुड्याला सिंचाई ट्याङ्की र पाईप सहितको निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| १४ | विरुवा स्कुल देखि वङ्गा माडु सम्म बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| १५ | वडिमालिका मन्दिर निर्माण दहडाँडा वडा नं. २ | अन्य सार्वजनिक निर्माण | | | | | संघ | संस्कृति प्रवर्द्दन कार्यक्रम | ७५०,००० |
| | जम्मा | | - | | | | | - | - |

# जगन्नाथ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## जुड्डी, बाजुरा, सुदुर पश्चिम प्रदेश, नेपाल

एघारौ गाउँसभा आ.व. २०७९।८० को वार्षीक बजेट

### जगन्नाथ गाउँपालिका वडा नं ३ का योजनाहरू

| क.सं. | योजना तथा कार्यक्रमको नाम | शिर्षक | बित्तिय समानिकरण पुंजिगत | बजेट हस्तान्तरण गर्ने तह | अन्य श्रोत | बजेट हस्तान्तरण गर्ने तह | थप अन्य श्रोत विवरण | बजेट हस्तान्तरण गर्ने तह | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ठुला खोला पटाउकुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| २ | खोल्यासी सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ३ | वड्डीकुलो मर्मत | सिचाँई संरचना निर्माण | | | | | | | |
| ४ | वुढा कुला सिंचाइ निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ५ | ठुला खोला ग्याविन हाल्ने | सिचाँई संरचना निर्माण | | | | | | | |
| ६ | रानीपाटा सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ७ | जुकेपानी देखि कप्साडी सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ८ | नाला देखि ठाकुर बाडा सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ९ | साईडक्मा नाउलीमेला हुँदै पाँचे सम्मको खानेपानि निर्माण योजना | खानेपानी संरचना निर्माण | | | | | | | |
| १० | खपौंडा खानेपानी मर्मत | खानेपानी संरचना निर्माण | | | | | | | |
| ११ | भलिया वगर देखि ठाकुरवाडा सम्म गोरेटो बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| १२ | नौमुले हुदै विसौना सम्म गोरेटो बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| १३ | स्वास्थ्य इकाईको भवन निर्माण मनिकौडा | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १४ | वड्डागाउँ खोला वाटो तटवन्धन | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १५ | वालसुधार आधारभुत विद्यालयको फिल्ड र शौचालय निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १६ | स्वास्थ्यको फिल्ड निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १७ | जुड्डीखोला लघु जलविद्युत योजनाको बाँध मर्मत तथा लाइन विस्तार | विधुत संरचना निर्माण | | | | | | | |
| | शाही डाग्ना वुडाखरक पाँढले वडा नं. ३ | खानेपानी संरचना निर्माण | | | | | संघ | खानेपानी सेवा विस्तार कार्यक्रम | १५००००० |
| | जम्मा | | | | | | | | |

जगन्नाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुडी, बाजुरा, सुदुर पश्चिम प्रदेश, नेपाल

एघारौं बर्षे गाउँसभा आ.व. २०७९।८० को वार्षिक बजेट

## जगन्नाथ गाउँपालिका वडा नं ४ का योजनाहरू

| क.सं. | योजना तथा कार्यक्रमको नाम | शिर्षक | वित्तिय समानिकरण पुँजिगत | बजेट हस्तान्तरण गर्ने तह | अन्य श्रोत | बजेट हस्तान्तरण गर्ने तह | थप अन्य श्रोत विवरण | बजेट हस्तान्तरण गर्ने तह | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | माथिल्लो सिम देखि तल्लो सिम सम्म सिचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| २ | नौमुले सिचाइ कुलोको बाँध निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ३ | भौंग छडा बाडी हुदै डाडाबाडा बनगढा सम्म सिचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ४ | डाब ठुला खोला देखि डाडीगाउ बहुबालबाडा खानेपानी निर्माण | खानेपानी संरचना निर्माण | | | | | | | |
| ५ | प्याउरे खोला,धारीकोडा,सल्लेजग्रा र पाल्त खानेपानी मर्मत | खानेपानी संरचना निर्माण | | | | | | | |
| ६ | चियाडपानी देखि सैन खानेपानी निर्माण | खानेपानी संरचना निर्माण | | | | | | | |
| ७ | माथिल्लो सल्लेजग्रा देखि नाराकोट खानेपानी मर्मत | खानेपानी संरचना निर्माण | | | | | | | |
| ८ | घरजिउला देखि बादाटिया सम्म खानेपानी मर्मत | खानेपानी संरचना निर्माण | | | | | | | |
| ९ | सामुदायीक स्वास्थ्य चौकी वडा नं ४ को शौचालय निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १० | पाल्त सामुदायीक बन नर्सरी तथा घेरबार निर्माण | वन तथा वातावरण | | | | | | | |
| ११ | सामुदायीक स्वास्थ्य चौकीको फिल्ड निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १२ | बालकल्याण आधारभुत विधालयको फिल्ड निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १३ | बामपानी देखि कोट सम्म सडक निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| १४ | ढोलाइना गैरा देखि थला सम्म गोरेटो बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| १५ | जुडी बाट सिम सम्म बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| १६ | युवाका लागि खेलकुद | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| | जम्मा | | - | - | | | - | | - |

जगन्नाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुड्डी, बाजुरा, सुदुर पश्चिम प्रदेश, नेपाल
एघारौ बर्खे गाउँसभा आ.व. २०७९।८० को वार्षीक बजेट

## जगन्नाथ गाउँपालिका वडा नं ५ का योजनाहरू

| क.सं. | योजना तथा कार्यक्रमको नाम | शिर्षक | बित्तिय समानिकरण | बजेट हस्तान्तरण गर्ने तह | अन्य श्रोत | बजेट हस्तान्तरण गर्ने तह | थप अन्य श्रोत विवरण | बजेट हस्तान्तरण गर्ने तह | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नाला,बाउरा खेत,कालसेरा,गडी खेत,जेराले हुदै सिम सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| २ | ढोलीबाडा देखि बनगाडा हुदै बाम्नी रुख सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ३ | तारेभिड देखि खरेनी डाँडा बाट ढोली बाडा हुदै कैलासे दमाई बाडा सम्म सिंचाइ कुलो | सिचाँई संरचना निर्माण | | | | | | | |
| ४ | दैते ढुङ्गा हुदै छेडे ओडार सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ५ | बिहारे खेदि टाली खेत सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ६ | देवल देखि नागढुङ्गा सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ७ | सुपागडा ढाड हुदै सिमलका रुख सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ८ | वडा नं ५ का प्रत्येक टोलको खानेपानी मुहान सुधार तथा मर्मत | खानेपानी संरचना निर्माण | | | | | | | |
| ९ | नाउला खानेपानी मर्मत | खानेपानी संरचना निर्माण | | | | | | | |
| १० | लुयाटा देखि चाखाँ खानेपानी निर्माण | खानेपानी संरचना निर्माण | | | | | | | |
| ११ | चिसापानी देखि लायाँ सम्म गोरेटो बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| १२ | खोदाई देवताको नारे निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १३ | वडा नं ५ का प्रत्येक बाटाहरु पिसीसी | सडक तथा पुल निर्माण | | | | | | | |
| १४ | वडा नं ५ को वडा कार्यालयको तला थप | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १५ | जनउत्थान प्रा.वि.को शौचालय निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १६ | भुका बस्तीमा सार्वजनिक शौचालय निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १७ | बसन्त सामुदायीक वन घेरबार तथा बृक्षा रोपण | वन तथा वातावरण | | | | | | | |
| १८ | स्वास्थ्य चौकी र वडा कार्यालयको फिल्ड तथा घेरबार निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १९ | जनउत्थान आधारभुत विद्यालयको फिल्ड निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| २० | लिगलिगेको मन्दिर निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| | | | | - | - | | | - | |

जगन्नाथ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

जुडी, बाजुरा, सुदुर पश्चिम प्रदेश, नेपाल

एघारौ बर्खे गाउँसभा आ.व. २०७९।८० को वार्षीक बजेट

## जगन्नाथ गाउँपालिका वडा नं ६ का योजनाहरू

| क्र.सं. | योजना तथा कार्यक्रमको नाम | शिर्षक | बित्तिय समानिकरण पुंजिगत | बजेट हस्तान्तरण गर्ने तह | अन्य श्रोत | बजेट हस्तान्तरण गर्ने तह | थप अन्य श्रोत विवरण | बजेट हस्तान्तरण गर्ने तह | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | उभा खेत सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| २ | गर्जेगाड देखि बेर्ना खोला सम्म सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ३ | कालढाड लैफु सिंचाइ कुलो निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ४ | गर्जेगाड खानेपानी मर्मत सियाली | खानेपानी संरचना निर्माण | | | | | | | |
| ५ | ढोगर्ना सिंचाइ ट्यौंकी निर्माण | सिचाँई संरचना निर्माण | | | | | | | |
| ६ | एघारी मुल हुदै निगालडाडाँ खानेपानी निर्माण | खानेपानी संरचना निर्माण | | | | | | | |
| ७ | लैफु देखि खिरारुख हुदै वडा कार्यालय सम्म सडक निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| ८ | ओदाला देखि भैनेरी हुदै कोट सम्म गोरेटो बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| ९ | सियाली देखि सम्भुनाथ स्कुल सम्म गोरेटो बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| १० | तल्लो काप्री देखि सम्भुनाथ स्कुल सम्म गोरेटो बाटो निर्माण | सडक तथा पुल निर्माण | | | | | | | |
| ११ | काप्री सामुदायीक स्वास्थ्य इकाईको भवन निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १२ | मण्डाली सामुदायीक वन घेरवार | वन तथा वातावरण | | | | | | | |
| १३ | रिठा गैरा तटवन्धन | सिचाँई संरचना निर्माण | | | | | | | |
| १४ | निर्मल वन वृक्षारोपण | वन तथा वातावरण | | | | | | | |
| १५ | वडा कार्यालयको फिल्ड निर्माण | अन्य सार्वजनिक निर्माण | | | | | | | |
| १६ | वडा नं. ६ को को लैफुवाट वडा नं. १ को ओखरतोला सम्म सडक निर्माण | सडक तथा पुल निर्माण | | | | | संघ | समपुरक | ८,०००,००० |
| | जम्मा | | - | - | | | | | - |

प्रस्तावित गरिएका करका क्षेत्र,दायरा तथा दररेट हरु(२०७९।०४।०१ देखि लागु हुने गरी)

१.घर जग्गा तथा मालपोतको दररेटः

| क्र.स. | विवरण (प्रतिरोपनीमा) | करको दर(प्रति रोपनी रु) | कैफियत |
|---|---|---|---|
| १ | मुख्य सडकले छोएको जग्गा | करको दर(प्रति रोपनी रु) | |
| | अब्बल | ३० | |
| | दोयम | २५ | |
| | सिम | २० | |
| | चाहार | १५ | |
| २ | शाखा सडकले छोएको जग्गा | करको दर(प्रति रोपनी रु) | |
| | अब्बल | २० | |
| | दोयम | १५ | |
| | सिम | १० | |
| | चाहार | ५ | |
| ३ | सडकले नछोएको जग्गा | करको दर(प्रति रोपनी रु) | |
| | अब्बल | १० | |
| | दोयम | ८ | |
| | सिम | ६ | |
| | चाहार | ५ | |

२.घर बहाल कर

| क्र.स. | विवरण | संघीय सरकार(१०%) | संचितकोष(२ %) |
|---|---|---|---|
| १ | भवन | १० | २ |
| २ | घर | १० | २ |
| ३ | पसल | १० | २ |
| ४ | ग्यारेज | १० | २ |
| ५ | जग्गा | १० | २ |
| ६ | गोदाम | १० | २ |
| ७ | टहरा | १० | २ |

३. विज्ञापन करको दररेट

| क्र.स. | विवरण | दररेट वार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | १००० | |

| | | | |
|---|---|---|---|
| २ | पखालिनार भित्ताआदिमा पोतितको प्रति बर्गफुट | १००० | |
| ३ | सार्वजनिक स्थलमा पोस्टर,पम्प्लेट | २०० | |
| ४ | पोल ब्यानर | २०० | |
| ५ | गाडीमा गरिने | १०० | |
| ६ | खेलकुद मैदानमा | ५०० | |
| ७ | होडिङ्ग बोर्ड | १००० | |

४.व्यवसाय करको दररेट

| क.स. | बिवरण | दररेट बार्षिक रु | कैफियत |
|---|---|---|---|
| १ | चुरोट रक्सी आदिको थोक तथा खुद्रा व्यापारमा | २००० | |
| २ | निर्माण सामाग्री कम्प्युटर,बिद्युतका सामन,टलिभिजन,रेडियो,भिडियोरेकर्डर जस्ता बस्तु थोक तथा खुद्रा व्यापार | १५०० | |
| ३ | दैनिकउपभोग्य बस्तु तथा खाद्यपदार्थ आदीको थोक तथा खुद्रा व्यपारमा | १००० | |
| ४ | उत्पादनमुलक उद्योग | १००० | |
| ५ | उर्जामुलक उद्योग | १५०० | |
| ६ | कृषी तथा बनजन्यमुलक उद्योग | १००० | |
| ७ | खनिज उद्योग | २००० | |
| ८ | पर्यटन उद्योग | २५०० | |
| ९ | सेवा उद्योग | १५०० | |
| १० | निर्माण उद्योग | ३००० | |
| ११ | संचारसेवा | १५०० | |
| १२ | बित्तिय सेवा | ३००० | |
| १३ | स्वास्थ्य सेवा | २००० | |
| १४ | शिक्षा सेवा,निजिक्षेत्रका बिद्यालय क्याम्पस सबै | ३००० | |
| १५ | अन्य व्यवसाय,मासु पसल,पशु फर्म | १००० | |

५. मनोरञ्जन करको दररेट

| क.स. | बिवरण (प्रति पटक) | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | जादु सर्कस | १००० | |
| २ | नाटक | ५०० | |
| ३ | दोहोरी साज | ५०० | |

| ४ | मेलामहोत्सव | ५०० | |
|---|---|---|---|

## ६. बहाल बिटौरी करको दररेट

| क.स. | विवरण (प्रति पटक) | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | पसल तथा सटर | २००० | |
| २ | अन्य | १००० | |

## ७. बहाल सेवाशुल्क सम्वन्धी करको दररेट

| क.स. | विवरण | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | नाता प्रमाणित गरेको | २०० | |
| २ | जन्ममिति प्रमाणित गरेको | २०० | |
| ३ | जन्मदर्ता ,मृत्युदर्ता ,विवाहदर्ता | २०० | |
| ४ | बसाईसराईको सिफारिस | २०० | |
| ५ | सामाजिक सुरक्षा परिचयपत्र नँया( वालपोषण) | २०० | |
| ६ | सामाजिक सुरक्षा परिचयपत्र नविकरण(वालपोषण) | १०० | |
| ७ | सामाजिक सुरक्षा परिचयपत्र नँया( अन्य) | २०० | |
| ८ | सामाजिक सुरक्षा परिचयपत्र नविकरण ( अन्य) | २०० | |
| ९ | सामाजिक सुरक्षा परिचयपत्र प्रतिलिपि बनाएको दस्तुर | ५०० | |
| १० | व्यक्तिगत घटना दर्ता(जन्मदर्ता,मृत्युदर्ता,विवाहदर्ता,वसाईसराई प्रमाणपत्रको प्रतिलिपी) | ५०० | |
| ११ | अन्य घटना दर्ता | २०० | |
| १२ | विवाहित तथा अविवाहित प्रमाणित | ३०० | |
| १३ | अङग्रेजि माध्यममा सिफारिस तथा प्रमाणित गरिदिएको | ५०० | |
| १४ | घर प्रमाणित | २०० | |
| १५ | घरजग्गा नक्सा पास पक्की,आरसिसि ढलान स्टक्चर,प्रतितलाको प्रतिबर्गफिट(गाँउतिर) | १० | |
| १६ | घरजग्गा को नक्सा पास(सिमेन्ट जडाईमा इटा वा डुङगाको गारो र टिनढुङ्गाको छाना) प्रति बर्ग फिट(गाँउतिर) | ८ | |
| १७ | घरजग्गा को नक्सा पास(माटोको जडाईमा डुङगाको गारो ,स्लाऐस,जस्ता,ढुङगा,घरकोछाना) प्रति बर्ग फिट(गाँउतिर) | ५ | |
| १८ | घरजग्गा नक्सा पास अभिलेख किताब | ५०० | |
| १९ | घरजग्गा नक्सा पास पक्की,आरसिसि ढलान स्टक्चर,प्रतितलाको प्रतिबर्गफिट(शहरतिर) | २० | |

| | | | |
|---|---|---|---|
| २० | घरजग्गा को नक्सा पास(सिमेन्ट जडाईमा इटा वा डुङगाको गारो र टिनढुङ्गाको छाना) प्रति बर्ग फिट(शहरतिर) | १५ | |
| २१ | घरजग्गा को नक्सा पास(माटोको जडाईमा डुङगाको गारो ,स्लाऐस,जस्ता,ढुङगा,घरकोछाना) प्रति बर्ग फिट(शहरतिर) | १० | |
| २२ | घर निर्माण सम्पन्न सिफारिस पक्की | ५०० | |
| २३ | घर निर्माण सम्पन्न सिफारिस साधारण | ३०० | |
| २४ | ब्यक्तिगत विवरण प्रमाणित | २०० | |
| २५ | जिवित सङ्गको नाता प्रमाणित | २०० | |
| २६ | हकवाला तथा हकदार प्रमाणित | २०० | |
| २७ | संरक्षक प्रमाणित | २०० | |
| २८ | कागज तथा मंनजुरिमा प्रमाणित | २०० | |
| २९ | जग्गा मुल्याङ्कन प्रमाणित | २०० | |
| ३० | आर्थिक अवस्था कमजोर भएको विपन्नता ,गरिवी,दुर्गमक्षेत्र तथा पिछडिएको क्षेत्र सिफारिस तथा प्रमाणित | ३०० | |
| ३१ | नँया नागरिकताको लागी सिफारिस | २०० | |
| ३२ | नागरिकताको प्रतिलिपी लिनको लागी सिफारिस | ५०० | |
| ३३ | बहालकरको लेखाजोखा सिफारिस | २०० | |
| ३४ | घरजग्गा करको लेखाजोखा गरि सिफारिस | २०० | |
| ३५ | व्यपारव्यवसाय बन्दभएको व्यापार व्यवसाय संचालन भएको ,व्यापारव्यवसाय हुंदै नभएको प्रमाणीत गरिएको सिफारिस | २०० | |
| ३६ | मिलापत्रको कागज गराउने | ३०० | |
| ३७ | निशुल्क तथा शशुल्क स्वाथ्य्य उपचारको दस्तुर | १०० | |
| ३८ | पुर्जामा घर कायम गर्ने सिफारिस | २०० | |
| ३९ | फरकफरक नाम थर तथा जन्ममिति भएमा दुबै नामथर जन्ममिति एकैहो भनि प्रमाणित गरिएको सिफारिस | २०० | |
| ४० | नाम थर जन्ममितिको संसोधन सिफारिस | २०० | |
| ४१ | जग्गाधनि पुर्जा हराएको सिफारिस | ५०० | |
| ४२ | कित्ताकाट गर्ने सिफारिस | २०० | |
| ४३ | जग्गा नामसारीको सिफारिस | २०० | |
| ४४ | जग्गाको हक सम्वन्धी सिफारिस | २०० | |

| | | | |
|---|---|---|---|
| ४५ | सर्जमिन सिफारिस | २०० | |
| ४६ | उद्योग ठाँउसारी गर्ने सिफारिस | ५०० | |
| ४७ | जिवित रहेको सिफारिस | २०० | |
| ४८ | विद्यालय खोल्ने सिफारिस | ५००० | |
| ४९ | विद्यालयको कक्षाथप गर्ने सिफारिस | २५०० | |
| ५० | विद्यालयको ठाँउसारी गर्ने सिफारिस | १५०० | |
| ५१ | विद्यालय खाता खोल्ने सिफारिस | २०० | |
| ५२ | विद्यालयको रकम फुकुवा सिफारिस | ३०० | |
| ५३ | पालनपोषणको लागी सिफारिस | २०० | |
| ५४ | प्रचलित कानुन बमोजिम प्रतियोजित अधिकार बमोजिमको अन्य सिफारिस तथा प्रमाणित | १०० | |
| ५५ | योजना खाता किताव (योजना सम्झौता सिफारिस,योजना सम्पन्न भएको सिफारिस,योजना खाता किताव समावेश )एकमुष्ठ रुपमा | १००० | |
| ५६ | युवा क्लव दर्ता | १५०० | |
| ५७ | युवा क्लव नविकरण | १००० | |
| ५८ | समुह दर्ता सिफारिस | १००० | |
| ५९ | संस्था दर्ता सिफारिस | १५०० | |
| ६० | खुद्रा तथा किराना फेन्सी पसल दर्ता सिफारिस | १५०० | |
| ६१ | कम्प्युटर,मोवाईल,ईलेक्ट्रोनिक पसल दर्ता सिफारिस | १५०० | |
| ६२ | मेडिकल दर्ता बसिफारिस | २००० | |
| ६३ | आय प्रमाणित सिफारिस | २०० | |
| ६४ | घ बर्ग ईजाजतपत्र वितरण नँया | १७००० | |
| ६५ | घ बर्ग ईजाजतपत्र नविकरण नँया | ८००० | |
| ६६ | नँया सहकारी दर्ता सिफारिस | ५००० | |
| ६७ | पुरानो सहकारी दर्ता नविकरण | २५०० | |
| ६८ | कृषी तथा पशु समुह दर्ता | १००० | |
| ६९ | औषधी वितरण पशुशाखा(भेडाबाखा प्रतिगोटा) | ५ | |
| ७० | औषधी वितरण पशुशाखा(घोडाखच्चर प्रतिगोटा) | ३० | |
| ७१ | औषधी वितरण पशुशाखा(घरपालुवा,कुकुर,विराला प्रतिगोटा) | २० | |
| ७२ | औषधी वितरण पशुशाखा(कुखुरा,हास,खरायो प्रतिगोटा) | ५ | |
| ७३ | औषधी वितरण पशुशाखा(गाईभैसी प्रतिगोटा) | २० | |
| ७४ | कृषि तथा पशु फर्म दर्ता | ३००० | |
| ७५ | कृषि तथा पशु फर्म नविकरण | ५०० | |
| ७६ | ढुङ्गाको प्रति ट्रली | ३०० | |

| | | | |
|---|---|---|---|
| ७७ | ढुङ्गाको प्रति खच्चड | २० | |
| ७८ | बालुवा र गिट्टी प्रति ट्रली | ५०० | |
| ७९ | वालुवा र गिट्टी प्रति खच्चड | २० | |
| ८० | वालुवा र गिट्टी प्रति बोरा | २० | |
| ८१ | सरुवा भई जाने शिक्षक तथा सरुवा भई आउने शिक्षकको सिफारिस दस्तुर | ५००० | |
| ८२ | नियुक्ती पत्र शिक्षक मा.वि. | १००० | |
| ८३ | नियुक्ती पत्र शिक्षक नि.मा.वि. | ८०० | |
| ८४ | नियुक्तीपत्र शिक्षक प्रा.वि. | ७०० | |
| ८५ | सम्झौता पत्र ईसिडि र लेखापाल | ६०० | |
| ८६ | सम्झौता पत्र विद्यालय सहयोगी | ५०० | |
| ८७ | करार नविकरण मा.वि.(राहत,करार,स्वयमसेवक) शिक्षक | १००० | |
| ८८ | करार नविकरण नि.मा.वि.(राहत,करार,स्वयमसेवक) शिक्षक | ८०० | |
| ८९ | करार नविकरण प्रा.वि.(राहत,करार,स्वयमसेवक) शिक्षक | ७०० | |
| ९० | करार नविकरण ईसिडी र लेखापाल | ६०० | |
| ९१ | करार नविकरण विद्यालय सहयोगी | ५०० | |
| ९२ | नियुक्तिपत्र।करार नविकरण गा.पा. करार कर्मचारी अधिकृतस्तर | १००० | |
| ९३ | नियुक्तिपत्र।करार नविकरण गा.पा. करार कर्मचारी ना.सु.स्तर | ८०० | |
| ९४ | नियुक्तिपत्र।करार नविकरण गा.पा. करार कर्मचारी खरिदारस्तर | ७०० | |
| ९५ | करार नविकरण गा.पा करार अन्य कर्मचारी | ५०० | |
| ९६ | गाँउपालिका हल भाँडा वाफत | १००० | |
| ९७ | वडास्तर हल भाँडा वाफत | ५०० | |
| ९८ | योजनाको कार्यअनुभव लेटर | ५०० | |
| ९९ | पेन्सन सिफारिस | ५०० | |

८. बार्षिक आयको प्रक्षपणः

| क्र.स. | विवरण | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | घरजग्गा तथा मालपोत कर | ५,००,००० | |
| २ | घरबहाल कर | १०००० | |
| ३ | व्यवसाय कर | ५०००० | |
| ४ | विज्ञापन कर | ३०००० | |
| ५ | मनोरञ्जन कर | ५०००० | |
| ६ | बहालविरौटी कर | ४६०००० | |
| ७ | सेवाशुल्क कर | ११००००० | |
| | कुल जम्मा रकम | १७००००० | |

## राजस्व प्रशासन सुधारका प्रयासहरु

१.राजस्व बृद्धिका लागी थप करका दायराहरुको अध्ययन तथा अनुसन्धान गर्नुपर्ने।

२. निर्धारण गरिएका करका दर शुल्क तथा दस्तुर सङ्कलन प्रक्रियालाई कडाईका साथ लागु गर्नु पर्ने।

३. कर संकलनको अवस्था हेरी राजस्व नितिलाई समय सापेक्ष संसिधन गर्नु पर्ने।

४.राजस्व चुहावट नियन्त्रण गर्न अवश्यक निति अवलम्वन गर्ने।

५. राजस्व चुहावट गर्ने व्यक्तिलाई असुलउपर सहित आवश्यक कार्वाही प्रक्रिया अगाडी बढाउने।

६. स्वंयम कर प्रणाली लाई प्रव्रद्धन गर्ने निति अक्तियार गर्ने।

७. गाउँपालिकाको राजस्व बृद्धिकालागी नागरिक करदाता,व्यवसायी,बुद्धिजिवी आदी संगको राय सल्लाह निरन्तर लिने।

८.राजस्व संकलन प्रक्रियामा वडा समिति लाई थप उत्तरदायी बनाउने।

९. पालिकाको सार्वजनिक क्षेत्र भित्रका कच्चा पदार्थ ढुङ्गा गिट्टी वालुवा आदीको राजस्व संकलन प्रक्रियालाई थप व्यवस्थित बनाउने।